

## मध्यपूर्व तनाव : बढ्दो ऊर्जा संकटको अवस्था

२

सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ।**

दमक–६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३–५७५४०९





जि.प्र.का.झापा द.नं.६१। ०५७/०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक

# पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com

Login

**आमा डेन्टल केयर प्रा. लि.**

दमक–६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बरः 023-577816





**हाम्रा उपलब्ध डाक्टरहरु**

| | |
|---|---|
| १. डा. प्रनेस श्रेष्ठ | (MDS- Orthodontist) |
| २. डा. सुस्मिता नेपाल | (BDS- Dental Surgeon) |
| ३. डा. मीरा आचार्य | (BDS- Dental Surgeon) |
| ४ डा. साहिद अलि | (MDS- Maxillofacial Surgeon) |

नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलब्ध छ।

❑ वर्ष-२१ ❑ अंक - ९६ ❑ २०८२ चैत्र १९ गते बिहीबार ❑ Thursday, 02 Apr. 2026 ❑ मूल्य ७ /-

## आज संसद्को पहिलो बैठक

दमक/ गएको फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य चुनावबाट निर्वाचित सांसदहरूको पहिलो अधिवेशन आज (बिहीबार) बस्दैछ। राष्ट्रपति रामचन्द्र पौडेलले दिउँसो २ बजे का लागि संसद बैठक आह्वान गरेका छन्। प्रतिनिधिसभामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), कांग्रेस, एमाले, नेपाली कम्युनिष्ट पार्टी (नेकपा), श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को प्रतिनिधित्व छ। त्यस्तै एक जना निर्वाचित स्वतन्त्र सांसद महावीर पुन छन्।

प्रतिनिधिसभाको पहिलो बैठकमा सुशीला कार्की नेतृत्वको तत्कालीन सरकारले जारी गरेका तीन अध्यादेश पेश गर्नेसहित सचिवालयले सम्भावित कार्यसूची पहिचान गरेको छ। संवैधानिक व्यवस्थाअनुसार सभामुख र उपसभामुखको निर्वाचन पहिलो बैठक बसेको १५ दिनभित्र सम्पन्न गर्नुपर्ने हुन्छ।

## एमाले संसदीय दलको नेतामा बादल

दमक। नेकपा एमालेको संसदीय दलको नेतामा रामबहादुर थापा बादल निर्वाचित भएका छन्। बुधबार केन्द्रीय कार्यालय च्यासलमा भएको निर्वाचनमा उनी दलको नेता चयन भएका हुन्।

दलको नेतामा इलाम-२ बाट निर्वाचित युवा सांसद सुहाङ नेम्वाङले पनि दाबी गरेका थिए। सुहाङ नेम्वाङले उम्मेदवार फिर्ता लिएसँगै बादल दलको नेता चयन भएको निर्वाचन समितिका संयोजक नीरज आचार्यले जानकारी दिए। भर्खर सम्पन्न निर्वाचनमा एमालेले जम्मा २५ सिट जितेको थियो। मङ्सिरमा भएको एमालेको ११ औँ महाधिवेशनबाट उपाध्यक्षमा निर्वाचित भएका बादल पूर्वमाओवादी नेता हुन्।

## हवाई भाडा करिब दोब्बर

दमक। हवाई उडानको भाडा बढेको छ। पश्चिम एसियामा जारी द्वन्द्वका कारण अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्यमा उच्च वृद्धि भएपछि नेपालमा पनि हवाई इन्धनको मूल्य मंगलबार रातिदेखि लागू हुने गरि करिब दोब्बरले बढेको छ। नेपाल आयल निगमले हवाई इन्धनको मूल्यमा भारी वृद्धि गरेसँगै वायुसेवा सञ्चालकहरूले पनि भाडा बढाउने निर्णय गरेका छन्।

नेपाल आयल निगमले चैत १८ गते रातिदेखि लागू हुने गरी आन्तरिक हवाई इन्धनको मूल्यमा प्रतिलिटर १२४ रूपैयाँ वृद्धि गरेको छ। यससँगै अब हवाई इन्धनको मूल्य प्रतिलिटर २५१ रूपैयाँ पुगेको छ।

इन्धनको मूल्य झण्डै दोब्बरले बढेपछि वायुसेवा कम्पनीहरूले आफ्नो उडान खर्च धान्नका लागि 'फ्युल सरचार्ज' बढाएका छन्। यो वृद्धि सबै उडान गन्तव्यका साथै हेलिकप्टर भाडामा समेत लागू हुने नेपाल वायुसेवा सञ्चालक संघले जनाएको छ।

## घुस रकमसहित सई पक्राउ

दमक। प्रहरी वृत्त मालिगाउँ, काठमाडौँमा कार्यरत प्रहरी नायव निरीक्षक (सई)लाई अख्तियारको टोलीले घुससहित पक्राउ गरेको छ। पक्राउ पर्नेमा मालिगाउँमा कार्यरत ३५ वर्षीय सई दिनेश राउत छन्। बैंकिङ कसुरसम्बन्धी मुद्दामा जाहेरवालाको रकम फिर्ता दिलाउन सहजिकरण गरिदएबापत उनले २० हजार रकम लिएको अख्तियारले जनाएको छ। उनलाई काठमाडौं महानगरपालिका(५ गहनापोखरी स्थित ग्रिन क्याफेबाट मंगलबार सेवाग्राहिसँग घुस लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको अख्तियारका एक अधिकृतले बताए।

# आजदेखि एसईई परीक्षा

### देशभरबाट ५ लाख १२ हजार परीक्षार्थी, ७३ हजार जनशक्ति परिचालन

पूर्वसन्देश समाचार

दमक/पहिले फलामे ढोका भनिने गरेको माध्यमिक शिक्षा परीक्षा (एसईई) आज विहीबारदेखि शुरू हुँदैछ। यसपटकको परीक्षामा देशभरिबाट ५ लाख १२ हजार ४ सय ७१ जना विद्यार्थीहरू सामेलन हुने भएका छन्। परीक्षाका लागि सम्पूर्ण तयारी बुधबारनै पूरा भइसकेको राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ। नयाँ बालेन सरकार बनेपछि यसपटक अघिल्ला वर्षहरूको परम्परालाई तोड्दै परीक्षा केन्द्रमानै विद्यार्थीहरूको उत्तरपुस्तिका जाँच गर्ने र १ महिनाभित्र नतिजा प्रकाशित गर्ने निर्णय भइसकेको छ। यसबाट एसईई परीक्षामा पनि क्रमभंगता हुन लागेको छ।

राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय कक्षा १० का उपनियन्त्रक विष्णुप्रसाद ज्ञवालीले बिहीबार बिहान ८ बजेदेखि हुने परीक्षाको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिए। उनका अनुसार एसईई परीक्षाका लागि देशभरका १ हजार ९ सय ६५ वटा र जापानमा एउटा गरी कुल १ हजार ९ सय ६६ परीक्षा केन्द्र तोकिएको छ। जम्मा ११ हजार ३ सय ७९ विद्यालयका विद्यार्थी परीक्षामा सहभागी हुने उनले जानकारी दिए।

सबैभन्दा बढी परीक्षार्थी काठमाडौंमा रहेका छन् भने सबैभन्दा कम मनाङमा छन्। ज्ञवालीका अनुसार काठमाडौंका १ सय ३५ वटा परीक्षा केन्द्रबाट ४१ हजार १ सय ५५ जना विद्यार्थीले परीक्षा दिँदैछन्। सबैभन्दा कम मनाङमा एउटा मात्र परीक्षा केन्द्र रहेको छ जहाँबाट ३७ जना विद्यार्थीले परीक्षा दिनेछन्। जापानमा रहेको केन्द्रबाट भने २३ जना विद्यार्थी सहभागी हुनेछन्।

यस वर्ष ग्रेड वृद्धिका लागि ६५ हजार ८ सय ९५ जना विद्यार्थी पनि परीक्षामा सहभागी हुँदैछन्। परीक्षामा असफल भएका विद्यार्थीलाई कम्तीमा तीनपटकसम्म परीक्षा दिने अवसर दिने परीक्षा नियन्त्रण कार्यालयको तयारी छ। २०७९ सालमा नियमिततर्फ परीक्षामा



सहभागी भएर हालसम्म उत्तीर्ण हुन नसकेका विद्यार्थीहरु पनि यसपटक परीक्षामा सहभागी हुनेछन्।

परीक्षा सञ्चालनका लागि केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, सहयोगी र सुरक्षाकर्मी गरी झण्डै ७३ हजार जनशक्ति परिचालन गरिँदैछ। परीक्षा बिहान ८ बजेदेखि ११ बजेसम्म सञ्चालन हुने कार्यतालिका छ। आज पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा हुँदैछ। आउँदो २९ गते सकिने परीक्षाको क्रममा हलमा मोबाइल फोन, स्मार्ट घडी, विद्युतीय उपकरणलगायत प्रयोग गर्न पाइने छैन।

**झापामा १७ हजार ६६३ परीक्षार्थी**

यता झापामा यस वर्ष १७ हजार ६६३ जना विद्यार्थी एसइई परीक्षामा सहभागी हुँदैछन्। नियमित परीक्षार्थी १५ हजार ४०१, नियमित प्राविधिक धारतर्फ ५७४ र बाँकी ग्रेड वृद्धि परीक्षार्थी रहेको शिक्षा विकास तथा समन्वय इकाई झापाका प्रमुख कुमार बस्नेतले बताए। परीक्षामा सामुदायिक १६३ र संस्थागत २४५ गरी ४०८ वटा विद्यालय सहभागी हुँदैछन्। नियमिततर्फ ७ हजार ७२३ छात्रा र ७ हजार ६७८ छात्र तथा ग्रेडवृद्धितर्फ १ हजार २०९ छात्रा र १ हजार ५३ छात्र परीक्षामा सहभागी हुन लागेको बस्नेतले जानकारी दिएका छन्।

राष्ट्रिय परीक्षा बोर्डका अनुसार यस वर्ष ५ लाख १२ हजार ४२१ विद्यार्थीमध्ये २ लाख ५७ हजार ६१३ छात्रा, २ लाख ५४ हजार ८०१ छात्र र बाँकी ४ पेजमा ▸▸

# रास्वपाले डिपी अर्याललाई सभामुख बनाउने तयारी

दमक। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रतिनिधि सभाको सभामुख छनोट प्रक्रिया आगामी आइतबारदेखि अगाडि बढाउने तयारी गरेको छ। प्रधानमन्त्री बालेन शाह नेतृत्वको मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले बिहीबार दिउँसो २ बजेका लागि संसद् बैठक आह्वान गरेका छन्। संसद् बैठक सुरू भएसँगै सभामुख निर्वाचन प्रक्रिया अघि बढ्ने बताइएको छ।



रास्वपाका एक पदाधिकारीका अनुसार सभामुख पदका लागि उपसभापति डोल प्रसाद (डीपी) अर्यालको नाम लगभग टुङ्गो लागिसकेको छ। राजनीतिक अनुभव, समन्वयकारी क्षमता र संवैधानिक प्रक्रिया बुझेको व्यक्तित्व भएकाले अर्याल नै उपयुक्त उम्मेदवार रहेको उनको भनाइ छ। 'व्यवस्थापिका संसद्को प्रमुख पदका लागि डीपी अर्याल नै योग्य हुनुहुन्छ,' ती पदाधिकारीले बताए।

अर्याल यसअघि दुई पटक श्रम तथा रोजगारमन्त्री भइसकेका छन्। पार्टी सभापति रवि लामिछाने सहकारी ठगी मुद्दामा पुर्पक्षका लागि जेल जाँदा उनले कार्यवाहक सभापति भएर पार्टी सञ्चालन गरेका थिए। रिहाइपछि रविले अप्ठ्यारो अवस्थामा पनि पार्टी जोगाएको भन्दै अर्यालको प्रशंसा गरेका थिए।

यद्यपि, अर्याललाई गृहमन्त्री बनाउने विषयमा बालेन शाह र रवि लामिछानेबीच सहमति नजुटेपछि सुधन गुरूङ गृहमन्त्री नियुक्त भएका बाँकी ४ पेजमा ▸▸

# कांग्रेसद्वारा दमक नपाको ध्यानाकर्षण

दमक/ नेपाली कांग्रेसले दमक नगरपालिकाका पछिल्ला गतिबिधि प्रति ध्यानाकर्षण भएको जनाएको छ। स्थानिय नेताहरूले नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत सुनिल निरौला मार्फत् नगर प्रमुखलाई ध्यानाकर्षण पत्र बुझाउँदै पछिल्लो समय नगरपालिकाका गतिविधिहरूमा सहकार्य, समन्वय र सहमतिको अभाव देखिएको भन्दै त्यसप्रति चिन्ता व्यक्त गरिएको छ।

कांग्रेस झापा क्षेत्र नम्बर ५ क्षेत्रीय सभापति ढुण्डीराज भण्डारी, प्रदेशसभा २ का सभापति रवि केसी न्यौपाने, दमक नगर उप सभापति युवराज खनाल सागर, नगर सचिव दिपेश दाहालले हस्ताक्षर गरेको ध्यानाकर्षण पत्रमा नगरसभा जस्तो महत्वपूर्ण विषयमा आवश्यक जानकारी नदिइएको र सहकार्यको वातावरण कमजोर बन्दै गएको आरोप समेत लगाइएको छ।

जनप्रतिनिधिहरूले संविधान र स्थानीय शासन ऐनले निर्धारण गरेका अधिकार तथा कर्तव्यको पालना गर्दै पारदर्शी र उत्तरदायी ढंगले कार्यसम्पादन गर्नुपर्नेमा जोड दिँदै नगर र नगरवासीको हितलाई केन्द्रमा राखेर काम गर्नुपर्ने जनाएको छ।

आगामी दिनमा सबै सरोकारवालासँग सहकार्य गर्दै अघि बढ्न पनि विज्ञप्ति मार्फत कांग्रेसले आग्रह गरेको छ। नगरसभा र अन्य निर्णय प्रक्रियामा उपप्रमुख तथा सम्बन्धित पक्षहरूको अनिवार्य सहभागिता सुनिश्चित गर्न पनि माग गरिएको छ।

त्यसैगरी, जनताको दैनिक जीवनसँग सम्बन्धित सेवा प्रवाहलाई पारदर्शी, प्रभावकारी र उत्तरदायी बनाउन तथा सुशासन, बाँकी ४ पेजमा ▸▸

## "डिजिटल" शासन कार्यान्वयन शुरू

काठमाडौं/ सरकारले शासकीय सुधारका १०० कार्यसूचीमार्फत् 'डिजिटल' शासन र 'डेटा गभर्नेन्स'लाई प्राथमिकतामा राख्दै कार्यान्वयन शुरू गरेको छ।

मन्त्रिपरिषद्को गएको शुक्रबार बसेको पहिलो बैठकले स्वीकृत गरेको कार्यसूचीअनुसार अब सार्वजनिक सेवा प्रवाहलाई छिटो, पारदर्शी, कागजरहित र अन्तरआबद्ध बनाइनेछ। नागरिकको विवरण एक पटक मात्रै संकलन गरी अन्य निकायले त्यही डेटा प्रयोग गर्ने व्यवस्था गरिने र सरकारी 'एप' तथा 'पोर्टल'लाई सरल बनाइने भएको हो। शासकीय सुधारका लागि नागरिक एपमार्फत् अनलाइन आवेदन सहज बनाउने, 'अटो फिल' प्रणाली लागू गर्ने तथा प्रहरी प्रतिवेदन, राहदानी र गाडी बाँकी ४ पेजमा ▸▸

## सर्वोच्चको नेतृत्वमा मल्ल

दमक। सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले बुधबार देखि कायम मुकायम प्रधानन्यायाधीशको जिम्मेवारी पाएकी छन्।



प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत ६५ वर्षे उमेरहदका कारण अवकाश भएसँगै वरिष्ठतम् न्यायाधीश मल्लले कामु प्रधानन्यायाधीशको जिम्मेवारी सम्हालेकी हुन्। नेपालको संविधानको धारा १२९(९) मा प्रधानन्यायाधीशको पद रिक्त भएमा सर्वोच्च अदालतको वरिष्ठतम् न्यायाधीशले कायममुकायम प्रधानन्यायाधीशको जिम्मेवारी सम्हाल्ने उल्लेख छ। न्यायपरिषदले अघिल्लो महिना मल्लसहित ६ जना न्यायाधीशको सूची संवैधानिक परिषदमा पठाएको थियो। मल्लसहित न्यायाधीशहरु बाँकी ४ पेजमा ▸▸

## वर्डफ्लु देखिएपछि कुखुरा नष्ट

इटहरी/ सुनसरीका विभिन्न स्थानीय तहमा किसानका कुखुरा फार्ममा बर्डफ्लू सङ्क्रमण फैलिँदै गएको छ। जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र इनरूवाका प्रमुख डा मनोजकुमार महतोका अनुसार सदरमुकाम इनरूवासहित जिल्लाका विभिन्न स्थानका कुखुरा फार्ममा बर्डफ्लू सङ्क्रमण फैलिँदै गएको हो।

इनरूवा नगरपालिका-२ कुसुमगाछीमा सुमनकुमार राईले पालन गरेका ब्रोइलर कुखुरामा सङ्क्रमण देखिएको उनले जानकारी दिए। इटहरी-१६ स्थित सुमन गोविन्द श्रेष्ठले पालेका स्थानीय जातका कुखुरा र हाँसमा पनि बर्डफ्लू सङ्क्रमण पुष्टि भएको बाँकी ४ पेजमा ▸▸

## प्रि-मनसुनमा औसतभन्दा बढी वर्षा

दमक। प्रि-मनसुन अवधिमा हालसम्म देशभर औसतभन्दा बढी वर्षा भएको छ।

जल तथा मौसम विज्ञान विभागका मौसमविद् बिनु महर्जनका अनुसार यस वर्ष पनि मङ्गलबारसम्मको अवधिमा हुनुपर्ने औसतभन्दा बढी वर्षा मापन भइसकेको छ।

"हालसम्म करिब २९ दशमलव पाँच प्रतिशत वर्षा भइसकेको छ। यस अवधिमा सामान्यतया २० प्रतिशत मात्र वर्षा हुने गर्दछ", उनले भने, "फागुन १५ गतेदेखि जेठ १५ गतेसम्मको अवधिलाई प्रि(मनसुन मानिन्छ। यस समयमा करिब २२६ मिलीमिटर वर्षा हुनुपर्नेमा मङ्गलबारसम्म ७७ दशमलव पाँच मिलीमिटर वर्षा भइसकेको छ।"

जल तथा मौसम विज्ञान विभागका अनुसार हालको मौसम प्रणालीमा सामान्य बदली देखिएको छ। विभागले दिएको विवरणअनुसार मङ्गलबारको तुलनामा बुधबार तापक्रममा वृद्धि भएको छ। मौसमविद् महर्जनका अनुसार बाँकी ४ पेजमा ▸▸

**बिमारीहरुका लागि सुवर्ण अवसर**

प्रत्येक शनिबार नोवेल अस्पताल बिराटनगरबाट आउँदै हुनुहुन्छ
MD, DM योग्यता प्राप्त विशेषज्ञ डाक्टरहरुको टिम दमकमा।
सही उपचार र सुझावका लागि सम्पर्क राख्न अनुरोध छ।

**विशेषज्ञ डाक्टरहरु**

**१. राम सागर साह**
(MBBS, MS, MCH Urology)
वरिष्ट युरोलोजिष्ट (मुत्र प्रोस्टेट तथा पथरी रोग विशेषज्ञ)

**२. खुस्बु प्रिया मिश्र**
(MBBS, MD, DM (Gastro & Liver)
वरिष्ट पेट तथा कलेजो रोग विशेषज्ञ

**३. सम्पन्न बुढाथोकी**
(MBBS, MD, DM (Gardiology)
(वरिष्ट मुटोरोग विशेष)

**४. सन्तोष सुवेदी**
MBBS, MD, DM (Nephrology)
वरिष्ठ मृगौला रोग विशेषज्ञ

**५. प्रताप कुमार राय**
MBBS, MD (Endocrinology)
वरिष्ट सुगर तथा थाइराइड रोग विशेषज्ञ

नोट : १) ब्लड सुगर, PP Fasting निःशुल्क जाँच गरिन्छ।
२) डाक्टरहरुको सेवा लिन फोनबाट पनि नाम टिपाउन सकिनेछ।

दैनिक सेवाहरु

**डा. तिलकचन्द्र साह** MBBS, DMRD, MD (TU) वरिष्ट रेडियोलोजिष्ट
भिडियो एक्स-रे सेवा (4D) (साधारण पेटको, गाठागुठीलगायत) Anomaly Scan, TVS

**ओपिडी सेवा :** प्रत्येक दिन विशेषज्ञ डाक्टरहरुद्वारा थाइराइड, प्रेसर तथा सुगर, पेट तथा छात्ती सम्बन्धी रोग, लिभर, गाइनी तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवा।

- Whole Body जाँच
- मुटुको Echo जाँच (Echocardiography)
- ECG
- PFT (Pulmonary Function Test)
- बाल रोग विशेषज्ञ सेवा
- हाडजोर्नी सेवा
- अध्याधुनिक ल्याब/प्याथोलोजी सेवा
- दम तथा एलर्जी (Asthma) क्लिनिक सेवा
- खोप सेवा (Vaccination) स्त्री रोग विशेषज्ञ सेवा

सम्पर्क : **एभरेष्ट फार्मेसी/झापा डाइगोनिष्ट प्रा.लि.**
दमक-६, (इशा कम्प्लेक्स, थानाको गेट जोडिएको घर)
Call: 023-577414 | 9704544899

# सम्पादकीय

## शैक्षिक सुधार र स्थानीय सरकारको दायित्व

दमक नगरपालिकाले विद्यालय शिक्षा सुधारका लागि आवश्यक अध्ययन गरि सफारिस गर्न एक समिति गठन गऱ्यो । पक्कै पनि यो ८ सदस्यिय समितिले नगरको शिक्षा क्षेत्रमा देखिएका समस्या, चुनौती र सम्भावनाहरूको मिहिन अध्ययन गर्ने छ । ति अध्ययनका आधारमा समस्या समाधान र सुधारका लागि दिएका सुझावहरू कार्यान्वयन पक्कै पनि शिक्षा क्षेत्रको दिर्घकालिन सुधारका लागि उपयोगी हुने अपेक्षा गरिएको छ ।

यसै गरि अन्य विभिन्न स्थानीय सरकारहरू पनि शिक्षा क्षेत्रको उन्नयनका लागि लागि रहेका छन् । संविधानले पनि स्थानीय शिक्षाको जिम्मेवारी स्थानीय तहलाई दिएको छ । त्यसैले स्थानीय शिक्षाको सुधार र व्यवस्थापन स्थानीय सरकारको अधिकार र दायित्व दुवै हो । नेपालको संविधानले आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहलाई सुम्पिएपछि स्थानीय सरकारहरु शिक्षा क्षेत्रको उन्नयनमा सक्रिय रुपमा लागिरहेका छन् । शिक्षा नजिकबाट बुझ्ने र स्थानीय आवश्यकताअनुसार योजना बनाउन सक्ने भएकाले स्थानीय सरकारको भूमिका अझ महत्वपूर्ण बनेको छ । यसले शिक्षा व्यवस्थापनलाई प्रभावकारी, उत्तरदायी र जनमुखी बनाउन सहयोग पुगेको छ ।

स्थानीय तहहरुले विद्यालयहरुको भौतिक पूर्वाधार सुधार, शिक्षक व्यवस्थापन, पाठ्यसामग्रीको उपलब्धता तथा गुणस्तरीय शिक्षण विधिमा सुधार गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका छन्। कतिपय स्थानीय सरकारले आधुनिक कक्षा कोठा निर्माण, सूचना प्रविधिमा आधारित शिक्षण, पुस्तकालय तथा प्रयोगशाला स्थापना जस्ता पहल गरेका छन् । यसले विद्यार्थीहरुको सिकाइ वातावरण सुधार गर्न मद्दत पुगेको छ । त्यस्तै, स्थानीय सरकारहरुले शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम, अभिभावकसँग समन्वय, तथा विद्यार्थीहरुको नियमित अनुगमनमा पनि ध्यान दिएका छन् । छात्रवृत्ति, दिवा खाजा, पोशाक सहयोग जस्ता कार्यक्रममार्फत विद्यालयमा विद्यार्थीको उपस्थिति बढाउने प्रयास पनि भइरहेको छ। विशेषगरी विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकालाई शिक्षामा पहुँच बढाउन यस्ता कार्यक्रम प्रभावकारी देखिएका छन् ।

यद्यपि, चुनौतीहरु अझै बाँकी छन् । स्रोत साधनको अभाव, दक्ष जनशक्तिको कमी, तथा केही स्थानमा व्यवस्थापन कमजोर हुँदा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । त्यसैले संघ, प्रदेश र स्थानीय तहबीच समन्वय बढाउनु आवश्यक छ । समग्रमा, स्थानीय सरकार शिक्षा सुधारका प्रमुख आधारस्तम्भका रुपमा स्थापित भइरहेका छन् । उनीहरुको सक्रियता र जिम्मेवारीपूर्ण कार्यले भविष्यमा गुणस्तरीय, समान र सर्वसुलभ शिक्षा प्रणाली निर्माण गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

### सामाजिक सञ्जाल

## सरकारको सय कार्यसूचिमा थप्नुपर्ने अन्य बुँदाहरू

◆ डा. बाबुराम भट्टराई



नवगठित बालेन्द्र शाह नेतृत्वको रास्वपा सरकारले मन्त्रीपरिषद्को पहिलो बैठकबाट पारित गरेका विभिन्न शीर्षकका शासकीय सुधार र अन्य महत्वपूर्ण कार्य सम्बन्धी एक सय कार्यसूची मूलतः सकारात्मक र स्वागतयोग्य छन्।

परन्तु अपूर्व मतादेश पाएको यो सरकारले देश र जनताको हितमा प्राथमिकतासाथ गर्नै पर्ने केही अति महत्वपूर्ण काम छुटेकाछन् वा छुटाइएको छ, जसमा ध्यान पुगोस् । जस्तैः-

१. देशमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनानिम्ति भएको सशस्त्र संघर्ष पश्चात् सम्पन्न बृहद् शान्ति-सम्झौता बमोजिम गठित सत्यनिरूपण तथा मेलमिलाम आयोग र वेपत्ता व्यक्तिहरु सम्बन्धी छानवीन आयोगको काम झण्डै दुइ दशक हुनलाग्दासम्म पूरा भएको छैन। जसका कारण पचासौं हजार शहीद, बेपत्ता, घाइते-अपांग र तिनका परिवार अहिलेसम्म न्याय र परिपूरणबाट बन्चित भएका छन्।

यो कुनै एउटा पार्टीको मात्र नभएर समग्र राज्यको जिम्मेवारीको बिषय हो। तसर्थ यसको स्वामित्व लिएर यसलाई छिटो सम्पन्न गर्न यो सर्वाधिकारसम्पन्न सरकार चुक्नुहुँदैन।

२. अहिले पनि एकातिर, ६०% श्रमशक्ति अनुत्पादक ढंगले बाध्यतावश अल्झिरहेको, देशको वेरोजगारी/छद्म/वेरोजगारी/अर्ध-रोजगारी तथा गरिबी र अल्पविकासको मुख्य पकेट बनेर रहेको र अर्कोतिर, लाखौं हेक्टर खेतियोग्य जमीन बाँझै बसेको कृषिक्षेत्रको आमूल रूपान्तरण नगरी हाम्रा विकास र समृद्धिका हवाइकल्पना पूरा हुनैसक्दैनन्। विगतका विभिन्न दलीय सरकारहरूको अतिरन्जित दावी र निराशाजनक परिणामले यो पुष्टी गरिसकेका छन्।

त्यसकानिम्ति अन्य कुराहरूका अतिरिक्त वैज्ञानिक भूमिसुधार, जुन नेपालको संविधानको निर्देशक सिद्धान्तमा पनि उल्लेख छ, अनिवार्य पूर्वशर्त हो। यसलाई वर्तमान सरकारले प्राथमिकताका साथ कार्यान्वयन गर्नैपर्छ।

३. यो सरकारको कार्यसूचीमा सामान्य रूपमा परे पनि विशेष जोडका साथ उठाउनै पर्ने अर्को विषय 'राष्ट्रिय गौरवका आयोजना' को रूपमा सूचीकृत ठूला पूर्वाधार आयोजनाहरूको उच्च प्राथमिकतापूर्वक कार्यान्ययन हो। तीमध्ये पनि राष्ट्रिय अर्थतन्त्रको 'टेक-अफ'को प्रमुख इन्जीन बन्न सक्ने बुढीगण्डकी बहुउद्देश्यीय आयोजनाको शीघ्र कार्यान्वयन हो।

(वर्तमान अर्थमन्त्री र गृहमन्त्री दुवैजना त्यस क्षेत्रका जानकार हुनुभएकाले वहाँहरूको विशेष जोडबल यसमा अवश्य लाग्नेनैछ भन्ने अपेक्षा गर्नु अन्यथा नहोला!)

४. नेपालको तीव्र तथा दिगो आर्थिक विकास र समृद्धिको मूल बाटो भनेकै आगामी दिनमा पहिलो र तेश्रो ठूलो अर्थतन्त्र हुने निश्चित भएका दुइ छिमेकीहरूसंग सुमधूर सम्बन्ध कायम राख्दै उनीहरूको मूल्यशृंखलासंग जोडिने र हाम्रो देशलाई 'दुइ ढुंगा वीचको तरूल' हैन परन्तु 'दुइ देश वीचको गतिशील पुल' (vibrant bridge) बनाउने हो।

मैले निकै हण्डरठक्कर खाँदै केही पहिलेदेखि उठाउँदै आएको यो विषय अहिले सत्तासीन बनेको रास्वपाले आफ्नो वाचापत्रमै राख्नु ज्यादै खुशीको कुरा हो।

परन्तु यो अति संवेदनशील बिषय भन्न जति सजिलो छ, गरिपुर्याउन उत्तिकै गाह्रो छ। त्यसनिम्ति हाम्रा युवा नेताहरूले शुरूकै दिनदेखि बुद्धिविवेक र कुटनीतिक कौशलको अधिकतम् प्रयोग गरेमा असम्भवलाई सम्भव बनाउन पक्कै सकिन्छ।

शुभकार्यमा किन विलम्व? हार्दिक शुभकामना !

# मध्यपूर्व तनाव
# बढ्दो ऊर्जा संकटको अवस्था



सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

**फिलिस्तीनी आतंकवादी संगठन हमासलाई इरानले र अन्य इस्लामिक मुलुकहरुले समर्थन गरिरहन्जेलसम्म इरान र इजर ायल बीचको युद्ध रोकिने कुनै सम्भावना छैन। यहुदी इसाई र इस्लाम यी तीनवटा धर्महरु पर स्पर बाझाबाझ भएर आत्मघाती रुपमा एकअर्काको अन्त्य गर्न खोजिएको जस्तो देखिएको छ। युद्धको विकर ालताले अझ भयानक रुप लिँदै गयो भने इजरायलको अस्तित्व पनि संकटमा पर्न सक्छ।**

इरान र इजरायल बीच चलिरहेको युद्ध जतिजति लम्बिँदै छ सम्पूर्ण मध्यपूर्व पश्चिम एसिया लगायत विश्वका धेरैजसो भूभागमा युद्धले निम्त्याउन सक्ने संकटहरु घनिभूत रूपमा फैलिँदै गइरहेको छ। युद्धमा अमेरिका र हुतु विद्रोहीको इन्ट्री भएपछि युद्ध भयानक रूप लिँदै छन्। एकातिर युद्धको कालो विनाशकारी बादल मडारिदो छ भने अर्कोतिर सम्पूर्ण विश्वको अर्थव्यवस्थालाई नराम्रो तरिकाले झस्काउन थालिसकेको छ। युद्धको कारणले थेग्नै नसक्ने गरी ऊर्जा संकट र विश्वव्यापी आर्थिक संकटहरु उत्पन्न हुने परिस्थितिहरु निर्माण हुन लागेको छ। विश्वमा बढ्दै गई रहेको आर्थिक विकासको गतिलाई अगाडि बढाई रहनका लागि ऊर्जा एउटा अति नै महत्वपूर्ण तरल साधनको रूपमा कार्य गर्दछ। पेट्रोल, मट्टितेल, डिजल, खाना पकाउने ग्याँस,लगायतका प्रज्वलनशील इन्धनहरूको प्रयोग बाट विकाशशील र विकसित देशहरूमा भान्सा कोठा देखि देशका महत्वपुर्ण उत्पादन संयन्त्रहरु देखि हवाई यातायातको सञ्चालनको लागि समेत तरल ऊर्जा र इन्धनको ठूलो माग भै रहेको पाइन्छ। पश्चिमी एशियाबाट आयात गरिने विश्वको कुल प्रज्वलनशील ऊर्जा को ८० प्रतिशत भन्दा बढी पेट्रोलियम पदार्थको आयात इरानको हरमुज स्ट्रेट अन्तर्राष्ट्रिय समुद्री मार्गबाट हुने गर्दछ। सम्पूर्ण खाडी मुलुकहरूले इरानकै बाटो हरमुज स्ट्रेट भएर जाने अन्तर्राष्ट्रिय मार्गको प्रयोग गरी पेट्रोलियम पदार्थहरु विश्वका अन्य अन्य देशहरूमा बिक्री गर्ने गर्दछन्।

इजरायल र इरान बीचको युद्धमा अमेरिकाले पनि इरान विरूद्ध ठूलाठूला बमवर्षक विमानहरूबाट विनाशकारी मिसाइल प्रहारहरु गर्न थालेपछि युद्ध अझ चड्किने र लम्बिने सम्भावना बढ्दै गइरहेको छ। इरान र इजरायल परम्परागत रूपमै एकअर्काको शत्रु राष्ट्रको रूपमा रहँदै आएकोले सम्पूर्ण मध्यपूर्वमा इजरायल र इरान बीचको युद्धले निर्णायक भूमिका खेल्न नसकेपछि अमेरिकी सैन्य सञ्चालनबाट युद्धलाई समाप्त पार्ने र अरबमा शान्ति स्थापना गराउने प्रयासले अमेरिकालाई पनि झन् अप्ठ्यारोमा पार्दै लगिरहेको छ। इरानसँग एकैचोटि अमेरिका इजरायल र विश्वका अन्य देशहरूसँग लड्ने मारक क्षमता भएका अस्त्रशस्त्रहरूको विशाल भण्डार सुरक्षित नै रहेकोले इरानले अमेरिका इजरायल र अमेरिकाली सैन्य अखाडा भएका खाडी मुलुकका इस्लामिक राष्ट्रहरूमा पनि विध्वंसकारी प्रहारहरु गर्न थालेको छ। कतार, ओमान, दुबई, साउदी अरब लगायतका देशहरू पनि इरान विरूद्ध लागि परेका छन्।

मध्यपूर्वमा लामो समयदेखि चल्दै आइरहेको धार्मिक युद्ध रोकिने कुनै सम्भावना देखिँदैन। परमाणु हतियारको प्रयोग गरेर भएपनि इरानले अमेरिकालाई पाठ सिकाउने कुराहरु इरानका सरकारी मिडियाहरूले पटकपटक प्रसारण गरिरहेको सुनिन्छ। इजरायल र इरान बीचको युद्ध धार्मिक युद्धमा रूपान्तरण भइसकेको छ। फिलिस्तीनी आतंकवादी संगठन हमासलाई इरानले र अन्य इस्लामिक मुलुकहरूले समर्थन गरिरहन्जेलसम्म इरान र इजरायल बीचको युद्ध रोकिने कुनै सम्भावना छैन। यहुदी इसाई र इस्लाम यी तीनवटा धर्महरु परस्पर बाझाबाझ भएर आत्मघाती रूपमा एकअर्काको अन्त्य गर्न खोजिएको जस्तो देखिएको छ। युद्धको विकरालताले अझ भयानक रूप लिँदै गयो भने इजरायलको अस्तित्व पनि संकटमा पर्न सक्छ। इरानको अस्तित्वमाथि पनि प्रश्न चिन्ह खडा हुन सक्दछ। इरानका धर्मगुरू मारिएका छन्। उनका उत्तराधिकारीहरु मारिएका छन्। इरान सरकारका मन्त्रीहरु आत्मघाती आक्रमणमा परि मारिएका छन् ।सेनाका प्रमुख कमाण्डरहरु पनि मारिएका छन् ,तर पनि इरान कमजोर भइसकेको चाहिँ छैन ।इरानमा बहाल रहेको इस्लामिक कानुनहरूको इरानमै पनि ठूलो विरोधहरु भइरहेको छ।

हजारौं जनता सरकारी सेनाहरूको गोलीको सिकार बन्नु परिरहेको छ। विश्वको सबैभन्दा ठूलो प्राकृतिक तेल भण्डारहरु अरब मुलुकतिर नै रहेको हुनाले तेल भण्डार र तेलमार्ग सुरक्षित नरहुन्जेलसम्म दुनियाका अनेकौं देशहरूको अर्थव्यवस्था समेत तहसनहस हुन सक्ने आकलनहरु गर्न थालिएको छ।। विश्व बजारमा तेलको ठूलो अभाव देखिन थालिएको छ। इन्धनको मूल्य आकाशिदो छ। इन्धनको मूल्यमा बढोत्तरी सँगै अन्य वस्तुहरूको मूल्य पनि लगातार वृद्धि भइरहेको छ। पेट्रोलियम पदार्थहरूको मागअनुसारको आपूर्ति हुन नसकेको अवस्थामा आम उपभोक्ता वर्गमा ठूलो त्रास र निराशाको वातावरण बढ्न थालेको छ। इन्धनको कमीले मात्र अर्थव्यवस्थालाई भताभुङ्ग पार्दैन। खाडी मुलुकहरूमा एसियाका अन्य मुलुकहरूबाट काम गर्न गएका र रोजगारीको लागि गएका करोडौं मानिस हरू रोजगारी गुमाउने अवस्थाहरु सिर्जना हुन थालेको छ। अपेक्षित रूपमा शान्तिपूर्ण मानिएको अरब मुलुकतिरको अर्थ राजनीति अब बारूदको विस्फोट र छेप्यास्त्र प्रहारको निशाना बन्न थालेको छ। नेपालका लाखौं लाख युवाहरु खाडी मुलुकहरूमा रोजगारीको सिलसिलामा गएका छन् उनीहरूलाई अहिले ज्यान जोगाउन धौधौ परिरहेको छ। उनीहरूलाई सुरक्षा प्रदान गर्ने लगायतका कुनै पनि किसिमको आश्वासनहरु सरकारले दिन सकिरहेका छैनन्। संसारमा नै अमेरिकाको दादागिरी र दबदबा बढ्दै गइरहेकोले अमेरिकाको विरोधमा अमेरिकालाई दबाब दिने शक्तिहरु अब कमजोर बन्न थालेको छ। खाडी मुलुकमा काम गर्न गएका युवाहरु मारिएका छन्। घाइते भएका छन् र त्यहाँबाट जसरी भएपनि आफ्नो देशमा आउने उपायहरूको खोजीमा लागिरहेका छन्।

अरब देश अब आफै अमेरिका र इजरायलबाट असुरक्षित रहेको कारणले गर्दा अरब क्षेत्रहरूमा शान्तिपूर्वक बाँच्ने र रेमिट्यान्स मनी घर पठाउने सपना नेपालीहरूको अधुरो देखिन थालिएको छ। नेपालमा पेट्रोलियम पदार्थको ठूलो अभाव छ। नेपाल सरकारसँग पेट्रोलियम पदार्थहरु उत्पादन गर्ने आफ्नो कुनै भरपर्दो संयन्त्र छैन। नेपाली बजारमा पेट्रोलियम पदार्थहरूको ठूलो माग रहिरहेको देखिन्छ। तर सरकारसँग एक महिना पनि पेट्रोलियम पदार्थको माग धान्न सक्ने स्टक र क्षमता छैन। पूर्णरूपमा पेट्रोलियम पदार्थ हरूको आयात भारत सरकार र भारतीय बजार माथि नै निर्भर रहेकोले भारतमा पेट्रोल पदार्थको कमी ले गर्दा नेपाली बजारमा थप चिन्ता र चासो बढ्दै गइरहेको छ। नेपाली अर्थतन्त्र आफैमा परनिर्भर अर्थतन्त्र रहेकोले विदेशी बजारहरूमाथि नेपालको निर्भरता अत्याधिक बढी छ। अन्तर्राष्ट्रिय बजारबाट नेपालले पेट्रोलियम पदार्थ लगायतका प्रज्वलनशील ऊर्जाहरु खरिद गर्नुपर्दा भारत मात्र नेपालको विकल्पको रूपमा रहेको देखिन्छ। भारतमा प्राकृतिक खनिज पदार्थहरूको पनि उत्पादन गरिन्छ। घरेलु आवश्यकताका लागि केही मात्रामा इन्धनहरु भारतमा पनि उत्पादन हुने गर्दछ त्यसको सँगसँगै भारतले रूसबाट पनि ठूलो मात्रामा प्राकृतिक इन्धन आयात गर्ने गर्दछ र भारतले आफ्नो आवश्यकताको करिब ८० प्रतिशत जति प्राकृतिक ऊर्जा अरबतिरका खाडी मुलुकहरूबाट आयात गरी आफ्नो आवश्यकतालाई परिपूर्ति गर्ने गर्दछ। भारतले पेट्रोलियम पदार्थ अन्तर्राष्ट्रिय बजारबाट पनि खरिद गर्दछ र भारतले आफ्ना छिमेकी मित्रराष्ट्रहरु नेपाल, भुटान श्रीलंका बांगलादेश लाई आवश्यकता अनुसार बिक्री पनि गर्ने गर्दछ।

भारतमा पेट्रोलियम पदार्थको ठूलो उत्पादन र ठूलो खपत हुने भएकोले भारतलाई अहिले इरानको बाटो हुँदै भारततिर आउने पेट्रोलियम पदार्थहरूको निर्बाध आयातमाथि अंकुश लाग्न पुगेको छ। इरानले शत्रु राष्ट्रमा जाने पेट्रोलियम पदार्थहरूको निकासी लाई पूर्णरूपमा नियन्त्रण गरेको हुनाले इरानी फौजले शत्रु राष्ट्रको ध्वजवाहक जहाज देख्ने बित्तिकै मिसाइल हानेर ध्वस्त पार्दिने जस्ता घटना हरू बारम्बार भइरहेको कारणले गर्दा इरानको हर्मोज स्ट्रेट माथि अहिले सारा संसारको ध्यान आकृष्ट हुन थालेको छ। हर्मोज स्ट्रेटमाथि इरानी सेनाको पूर्ण नियन्त्रण रहेको कारणले गर्दा ईरानी सेनाको आँखा छलेर कुनै पनि पेट्रोलियम पदार्थ बोकेका जहाजहरु त्यहाँबाट बाहिर आउन ठूलो संकट बेहोर्नु परिरहेको छ। हिजो अस्ति मात्र एउटा खाडी मुलुकै पेट्रोलियम पदार्थ बोकेको जहाज लाई खाडी मुलुकमै काम गर्ने नेपालका एकजना चालक इन्जिनियर टोलीलाई इरानी सेनाले नियन्त्रणमा लिएर जाँचबुझ गरिरहेको छ। खाडी मुलुकमा काम गर्न गएका नेपालीहरु पनि खतराको ठूलो जोखिममा रहेका छन्। इरान लगायतका अन्य कुनै पनि खाडी मुलुकहरु अहिले ठूलो युद्धको आगोमा जलिरहेकोले त्यहाँ मानव अधिकार र मानवीय पक्षका कुराहरू लाई सम्मान गर्ने विचारहरूले कुनै महत्व पाइरहेको छैनन्। इरानमा पक्राउ परेका नेपाली नागरिकहरु लाई सुरक्षित नेपालमा फिर्ता ल्याउनको लागि सरकारले ठूलो पहल गर्नुपर्ने र संवेदनशील भएर उपायहरूको खोजी गर्नुपर्ने आवश्यकता रहेको छ। नेपालको अर्थतन्त्र रेमिट्यान्सबाट नै चलिरहेको अवस्थामा खाडी मुलुकमा उत्पन्न भएको विवादले गर्दा नेपालको भरपर्दो विदेशी आम्दानीको स्रोत माथि पनि ठूलो धक्का पुग्ने अवस्था सृजना भइरहेको छ।

पेट्रोलियम पदार्थको उपलब्धिको लागि सरकारले अवि लम्ब प्रयास गर्नुपर्दछ।

भारतमा भर्खर भारतीय संसदको राज्यसभामा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले इरान र इजरायल अमेरिकाबीच चलिरहेको युद्ध र त्यसले निम्त्याउन सक्ने पेट्रोलियम पदार्थहरूको अभाव जनित संकटलाई कोरोना महामारी भन्दा पनि खतरनाक भनी चिन्ता व्यक्त गरेका छन्। अनेकौं कोसिसको बावजुद पनि पेट्रोलियम पदार्थहरूको आपूर्ति सहज रूपमा हुन सकेन भने स्वतस्फुर्त रूपमा देशको अर्थव्यवस्था अघोषित लकडाउनमा जान सक्नेछ तथा देशभित्रका उद्योगधन्दा कलकारखाना व्यापार लगायतका सबै क्षेत्रहरु ठप्प हुन सक्नेछन् भन्ने कुरामा सबैले गम्भीरतापूर्वक विचार गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ।

## ऊर्जा मन्त्रालयमा प्लाष्टिक निषेध

काठमाडौं/ ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा मंगलबार देखि प्लास्टिकजन्य सामग्रीको प्रयोग पूर्ण रूपमा प्रतिबन्ध गरिएको छ । वातावरण संरक्षण, स्वच्छता प्रवर्द्धन तथा दिगो विकासप्रतिको प्रतिबद्धतालाई व्यवहारमा कार्यान्वयन गर्न मन्त्रालयले यस्तो निर्णय गरेको जनाएको छ ।

प्लास्टिकजन्य वस्तुको अत्यधिक प्रयोगले वातावरणमा परेको नकारात्मक असरलाई न्यूनीकरण गर्दै वैकल्पिक तथा वातावरणमैत्री सामग्रीको प्रयोगलाई प्रोत्साहन गर्ने नीति अनुरूप यो कदम चालिएको हो ऊर्जामन्त्री विराजभक्त श्रेष्ठको सचिवालयले जनाएको छ । यो निर्णयले सम्पूर्ण सरकारी निकाय तथा सरोकारवाला पक्षहरूलाई समेत सकारात्मक सन्देश दिने विश्वास लिइएको मन्त्रालयले जनाएको छ । मन्त्री श्रेष्ठले आगामी दिनमा यसको प्रभावकारी कार्यान्वयनका लागि सबैको सहकार्य अपेक्षा गरिएको बताएका छन् ।

## लोचा खोलामा पक्की पुल

खोटाङ/ खोटाङको रावाबैंसी गाउँपालिकाको हौँचुरस्थित लोचाखोलामा मोटरेबल पक्की पुल निर्माण सुरू गरिएको छ । कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयको बहुवर्षीय योजनाअन्तर्गत विनियोजन भएको रू पाँच करोड ११ लाख ४६ हजारमा पुल निर्माण सुरू गरिएको हो ।

भौतिक पूर्वाधार विकास कार्यालय खोटाङमार्फत ठेक्का आह्वान गरिएकामा आरके देन्धुप जेभी सोलुखुम्बुले रू दुई करोड ८९ लाख ७५ हजारमा बजेटमा सम्झौता गरेर निर्माणको काम सुरू गरेको पूर्वाधार विकास कार्यालय खोटाङका प्रमुख विनम दाहालले जानकारी दिए । सम्झौताअनुसार विसं २०८४ जेठभित्र पुल निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

निर्माण कम्पनीसँगको सम्झौताअनुसार १५ मिटर लामो मोटरेबल पक्की पुल निर्माण गरिने छ । लोचाखोलामा निर्माण हुने मोटरेबल पक्की पुलले रावाबैंसी गाउँपालिका(१ कुभिण्डे र सोही गाउँपालिकाको वडा नं ६ हौँचुरका स्थानीयलाई आवतजावतमा सहज अपेक्षा गरिएको छ । सो पुलको कोशी प्रदेश सरकारको निर्वतमान भौतिक पूर्वाधार विकास एवं स्वास्थ्यमन्त्री भूपेन्द्र राईले शिलान्यास गरेका हुन् ।






# थलथले पोखरीको संरक्षण शुरू



भोजपुर/ भोजपुरको हतुवागढी गाउँपालिका-१ मा अवस्थित थलथले पोखरीको संरक्षण तथा स्तरोन्नति गरिएको छ । प्राकृतिक स्रोतको दिगो व्यवस्थापन गर्दै स्थानीय आर्थिक विकासमा टेवा पुऱ्याउने लक्ष्यसहित गाउँपालिकाले यो पहल अघि बढाएको हो ।

वर्षौंदेखि स्थानीयका लागि पानीको महत्त्वपूर्ण स्रोतका रूपमा रहेको थलथले पोखरी पछिल्लो समय संरक्षण अभावका कारण जीर्ण बन्दै गएको थियो । पोखरी वरपर झारपात बढ्नु, संरचना कमजोर बन्दै जानु तथा पानीका मुहानहरु जोखिममा पर्न थालेपछि यसको संरक्षण गरिएको हो । पोखरीको आवश्यकतालाई मध्यनजर गर्दै वडा कार्यालय र गाउँपालिकाको साझेदारीमा संरक्षण कार्य सुरू गरिएको हो । पोखरीभन्दा तल रहेका पानीका मुहानहरूको संरक्षणलाई विशेष प्राथमिकतामा राखिएको छ । ती मुहानहरु स्थानीय बासिन्दाको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएका छन्, जसले खानेपानी र सिँचाइको प्रमुख आधारका रूपमा काम गर्दै आएका छन् । मुहान जोगाउने उद्देश्यले पोखरी क्षेत्र वरपर सरसफाइ, माटो कटान नियन्त्रण, संरचनागत सुधारका काम गरिएको वडाध्यक्ष कुमार विष्टले जानकारी दिए । वडाध्यक्ष विष्टका अनुसार वडा कार्यालय र गाउँपालिकाको करिब रू सात लाख ५० हजारको लगानीमा पोखरी संरक्षण गरिएको हो ।

थलथले पोखरी जोर आहल-संखामचुली पदमार्ग नजिकै पर्ने भएकाले यसको रणनीतिक महत्त्व अझ बढेको छ । पछिल्लो समय यो पदमार्ग आसपासका क्षेत्रहरूमा आन्तरिक पर्यटकको आकर्षण बढ्दै गइरहेको सन्दर्भमा थलथले पोखरीलाई सोही मार्गको महत्त्वपूर्ण गन्तव्यका रूपमा विकास गर्न थालिएको हो । पदयात्रामा निस्कने पर्यटकका लागि यो स्थान विश्राम, अवलोकन र प्राकृतिक सौन्दर्यको अनुभूति लिन उपयुक्त स्थल बन्ने विश्वास गरिएको छ ।

पोखरी वरपरको हरियाली, शान्त वातावरण, चिसो हावा र प्राकृतिक दृश्यावलोकनले यस क्षेत्रलाई विशेष बनाएको छ । संरक्षणपछि पोखरीको स्वरूप आकर्षक बनेसँगै फोटो खिच्ने, घुमफिर गर्ने तथा समय बिताउने स्थानका रूपमा यसको सम्भावना बढेको स्थानीयवासी बाचिधन राईले बताए । उचित प्रचारप्रसार गर्न सकेमा थलथले पोखरी आन्तरिक पर्यटनको नयाँ केन्द्र बन्न सक्ने उनको भनाइ छ । पोखरी संरक्षणसँगै पानीको स्रोत सुरक्षित भएकाले वातावरणीय सन्तुलन कायम राख्न सहयोग पुगेको स्थानीयको भनाइ छ ।

गाउँपालिकाले आगामी दिनमा यस क्षेत्रलाई थप व्यवस्थित र आकर्षक बनाउन विभिन्न योजना अघि बढाउने गाउँपालिका अध्यक्ष प्रेमकुमार राईले बताए । स्थानीय समुदायको सहभागितामा संरक्षण र प्रवर्द्धनलाई निरन्तरता दिने उनको भनाइ छ । प्राकृतिक मुहानहरूको संरक्षणको लागि गाउँपालिकाले एक टोल एक पोखरीको अवधारणा अनुसार काम गरिरहेको अध्यक्ष राईले बताए ।

# एउटै घरको बलेसी दुई जिल्लामा



धनकुटा/ धनकुटाको चौविसे गाउँपालिका(१ स्थित छनम्बर बुधबारे बजारका बासिन्दा दुई जिल्लाको सिमाक्षेत्रमा रहनु परेका कारण विभिन्न समस्या भोग्न बाध्य छन् । यहाँका कयौ परिवारको एउटै घर पनि दुई जिल्लामा पर्छ । तिरो(मालपोत( जग्गा स्वामित्व लगायतका कारण यहाँका बासिन्दालाई विभिन्न समस्या आउने गरेका छन् । यहाँका छविलाल गुरूङको घरको धुरी दुई जिल्लाको सिमानामा पर्छ । एकातिरको बलेसी पाँचथरमा झर्छ भर्ने अर्कोतिरको बलेसी धनकुटातिर । घर एउटै भए पनि घरले चर्चेको जग्गा दुई जिल्लामा पर्ने भएकाले उनले तिरो तिर्न दुई जिल्ला धाउनुपर्ने बाध्यता छ । तिरो तिर्नका लागि धनकुटा र पाँचथर जिल्ला धाउनुपर्ने गरेको उनले बताए ।

यहाँका विष्णुकुमार श्रेष्ठले यस्तै समस्या भोगिरहेका छन् । उनले करिब साढे तीन आना जग्गामा बनाएको घर पनि दुई जिल्लामा विभाजित छ । घर, आँगन र करेसाबारी नै फरक( फरक जिल्लामा पर्दा सामान्य प्रशासनिक काममा समस्या बनेको छ । नामसारी, जग्गा किनबेच, नापी, मालपोतको कामका लागि दुई जिल्लामा जानुपर्दा झन्झटिलो र खर्चिलो बनेको उनको भनाई छ । यो समस्या समाधानका लागि धेरैपटक सम्बन्धित निकायमा गुनासो गरे पनि समाधान नभएको उनले बताए ।

स्थानीय फिवराज थेगिनका अनुसार छनम्बर बुधबारे बजारका एक लाइनका घरहरु धनकुटाको चौबिसे गाउँपालिकामा पर्छन् भने अर्को लाइनका घरहरू पाँचथरको मिक्लाजुङ गाउँपालिकामा पर्छन् । स्थानीयका अनुसार राज्य पुनःसंरचना अघि यो क्षेत्र साविक धनकुटाको बुधबारे र पाँचथरको दुर्दिम्बा गाविसमा पर्थ्यो । २०२९ सालतिर प्रशासनिक समायोजन हुँदा बजार दुई जिल्लामा विभाजित गरिएको थियो, जसको असर अहिले पनि स्थानीयले भोगिरहेका छन् । उनले पाँचथरको मिक्लाजुङका केही वडा र धनकुटाको चौविसे गाउपालिकाका केही वडा मिलाएर एउटै बनाए सजिलो हुने माग गर्दै आएको बताए । राज्य पुनर्संरचना त्यसैका लागि भएको भएपनि सुनुवाइ नभएको उनको भनाइ छ ।

बजार क्षेत्रको पश्चिमपट्टि पर्ने अधिकांश घरहरु दुई जिल्लामा फैलिएका छन् । स्थानीयवासीले समाधानका लागि सिमाना पुनर्निर्धारण वा वडास्तरमै एकीकरण गर्न माग गर्दै आएका छन् । पाँचथरभन्दा धनकुटा प्रशासनिक रूपमा नजिक र सहज भएकाले सम्पूर्ण क्षेत्रलाई धनकुटामै समेट्नुपर्ने माग उनीहरूको छ ।

एउटै घर दुई जिल्लामा पर्दा केवल प्रशासनिक समस्या मात्रै नभइ नागरिकको दैनिकीमा समेत प्रत्यक्ष असर परेको स्थानीयले बताएका छन् । २२ घरधुरीमा रहेका स्थानीयले छिटो समाधानको अपेक्षा राखेको धेरै समय भएपनि समस्या अझै ज्यूँका त्यूँ रहेको छ ।

## प्रेरक प्रसँग

# सबैभन्दा ठुलो गधा !

एकपटक जंगलमा बस्ने एउटा गधा र बाघबिच घाँसको रङ्का विषयमा बहस चल्यो । गधाले भन्यो- घाँस निलो हुन्छ । बाघले भन्यो- हैन, हैन घाँस त हरियो पो हुन्छ । यसै विषयमा दुवैबिच लामो विवाद चल्यो । अन्ततः विवाद जंगलका राजा सिंहसम्म पुग्यो ।

जब सिंहले दुवैका कुरा सुन्यो, त्यसपछि उसले भन्यो- हो, गधाले ठिक भनिरहेको छ । घाँस निलो नै हुन्छ । सिंहको फैसला सुन्नासाथ गधा खुसीले 'हिपहिप हुर्रे' भन्दै बुर्कुसी मारेर जंगलतिर लाग्यो । तर, अलि पर पुगेपछि गधा टक्क रोकियो र पुनः सिंहकहाँ फर्कियो ।

गधाले सिंहलाई भन्यो- महाराज, हजुरले मलाई जिताई त दिनुभयो, तर बाघलाई सजाय त दिनुभएन नि ! गलत तर्क गरेकामा बाघलाई सजाय दिनुपरेन ? गधाको कुरा सुनेर सिंहले भन्यो- हो, तिमीले ठिक भन्यौ, बाघलाई सजाय दिनैपर्छ । सिंहले बाघलाई बोलाएर भन्यो, तिमीले गधासँगको बहसमा हारेकाले अबका तीन दिन मौन रहनुपर्छ । यो नै तिम्रो सजाय हो । बाघलाई सजाय तोकिएपछि गधा खुसीले पागल हुँदै जंगलतिर दौडियो ।

गधा गइसकेपछि बाघले सिंहलाई भन्यो– महाराज हजुर कस्तो राजा हुनुहुन्छ ? मलाई थाहा छ, घाँस हरियो हुन्छ । हजुरलाई पनि थाहा छ घाँस हरियो हुन्छ । दुनियाँलाई थाहा छ, घाँस हरियो हुन्छ । तैपनि, हजुरले गधाको कुरा पत्याएर घाँस निलो हुन्छ भनेर फैसला सुनाउनुभयो । यो कहाँको न्याय हो महाराज ?

सिंहले बाघलाई भन्यो- हो, तिमीले ठिक भन्यौ । तिमीलाई थाहा छ, घाँस हरियो हुन्छ । मलाई पनि थाहा छ, घाँस हरियो हुन्छ । दुनियाँलाई थाहा छ, घाँस हरियो हुन्छ । त्यति हुँदाहुँदै पनि तिमीले बेकारमा गधासित किन यस विषयमा बहस गऱ्यौ ? गधासित गरेको बहसका लागि तिमीले यो सजाय पाएका हौ । जो गधासित बहस गर्छ, ऊ सबैभन्दा ठुलो गधा हो ।

## जानकारी

# कुरिलोका फाईदा





कुरिलो तपाईंलाई कति मन पर्छ ? मन पर्दैन भने पनि खाने गर्नुहोस् । यो तपाईंका लागि लाभदायक छ ।

नेपालका प्रायः सबै भू(भागमा पाइने कुरिलो औषधीय गुण भएको बहुवर्षीय लहरायुक्त वनस्पति हो । यो स्वास्थ्यका लागि निकै उपयोगी मानिन्छ । कुरिलोमा काँडासहितको काण्ड र मसिना झुप्पादार पात हुन्छन् ।

यसका टुसालाई विशेषगरी तरकारीको रूपमा बढी प्रयोग गरिन्छ । जरालाई भने विभिन्न रोगको अचुक औषधिका रूपमा प्रयोगमा ल्याइन्छ । कुरिलोमा प्रशस्त मात्रामा प्रोटिन, भिटामिन, फाइबर, क्याल्सियमसँगै अन्य विभिन्न विभिन्न पौष्टिक तत्व पाइन्छन् ।

**यी हुन् कुरिलोका फाइदा**

कुरिलोको नियमित सेवन गरेमा क्यान्सर हुने सम्भावना कम हुन्छ। साथै, क्यान्सर रोगीका लागि पनि यो फाइदाजनक छ । कुरिलोलाई तरकारी वा सुप बनाएर नियमित सेवन गर्दा शरीरमा हुने विभिन्न दुखाइ सन्चो हुन्छ ।

कुरिलो सुत्केरीका लागि पनि उपयोगी छ । यसको सेवनले दूध नआउने समस्या समाधान गर्छ । कुरिलोको जरालाई बुद्धिवर्द्धक, अग्निवर्द्धक औषधिका रूपमा तथा दुर्बलता, शोक आदिको निवारकका रूपमा आयुर्वेदमा व्याख्या गरिएको छ । कुरिलोको जराको चूर्ण बनाई नियमित खाएमा यौन दुर्बलता र स्तनजन्य रोगलाई फाइदा गर्छ । कुरिलोको जराको धुलो दूध वा मनतातो पानीसँग मिसाएर पुरूषले सेवन गरेमा वीर्य बढ्छ ।

कुरिलोको नियमित सेवन महिलाका लागिसमेत फाइदाजनक हुन्छ । यसले शरीरमा ऊर्जा उत्पन्न गर्छ। उनीहरूमा यौन दुर्बलता हटाउन, महिनावारी गडबडी ठीक पार्नलगायत कामका लागिसमेत कुरिलो उपयोगी हुन्छ ।

## आर्थिक

# ग्राहकको रकम हिनामिना गर्ने दुई कर्मचारी पक्राउ



उदयपुर । उदयपुर र कपिलवस्तुमा ग्राहकको खाताबाट करोडौँ रूपैयाँ हिनामिना गरेको आरोपमा दुई बैंक कर्मचारी पक्राउ परेका छन्। प्रहरीले दिएको जानकारी अनुसार दुबै घटनामा गरी करिब साढे ३ करोड रूपैयाँ दुरूपयोग भएको छ।

उदयपुरको त्रियुगा नगरपालिका-५ निवासी सुनिता बानियाँलाई नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको गाईघाट शाखाबाट करिब २ करोड रूपैयाँ हिनामिना गरेको आरोपमा पक्राउ गरिएको हो। जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रमुख राजन चापागाईंका अनुसार बानियाँले उक्त रकम अनलाइन बेटिङमा प्रयोग गरेको प्रारम्भिक बयान दिएकी छन्। बैंकका २६ जना ग्राहकको खाताबाट रकम अनधिकृत रूपमा प्रयोग भएको देखिएपछि बैंकले उजुरी दिएको थियो। उनीमाथि बैंकिङ कसुर तथा ठगी सम्बन्धी मुद्दामा अनुसन्धान भइरहेको छ।

त्यस्तै, कपिलवस्तुको मायादेवी गाउँपालिका-१ निवासी २८ वर्षीय रिषभ कार्कीलाई पनि ग्राहकको १ करोड ६५ लाख रूपैयाँ हिनामिना गरेको आरोपमा पक्राउ गरिएको छ। जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका अनुसार उनले बैंकको आन्तरिक प्रणालीको दुरूपयोग गर्दै ग्राहकको खातामा रहेको मोबाइल नम्बर परिवर्तन गरी आˆ नो नियन्त्रणमा लिएका थिए। त्यसपछि मोबाइल बैंकिङ र कनेक्ट आईपीएसमार्फत रकम ट्रान्सफर गरिएको प्रहरीले जनाएको छ।

कार्कीलाई चैत ११ गते पक्राउ गरी बैंकिङ कसुर मुद्दामा अनुसन्धान भइरहेको छ। प्रहरीले सर्वसाधारणलाई आˆ ना बैंक खाता र मोबाइल नम्बर नियमित जाँच गरी सचेत रहन आग्रह गरेको छ।

## विज्ञान/प्रविधि

# नासाको मंगलग्रहमा नयाँ मिशन

एजेन्सी । अमेरिकी अन्तरिक्ष अन्वेषण संस्था नासाले मङ्गल ग्रहमा नयाँ मिसन सुरू गर्ने घोषणा गर्दै अन्तरिक्ष अन्वेषणमा महत्वाकांक्षी योजना सार्वजनिक गरेको छ । यससँगै चन्द्रमामा स्थायी आधार ( मून बेस) निर्माण गर्ने विस्तृत कार्ययोजना र समय सीमा पनि पहिलो पटक सार्वजनिक गरिएको छ । नासा प्रमुख जारेड आइज्याकम्यानले इग्निशन नामक कार्यक्रममा बोल्दै आगामी सात वर्षमा करिब २० अर्ब डलर खर्च गरेर दर्जनौँ मिसनमार्फत चन्द्र आधार निर्माण गरिने बताए । नासाले लामो समयदेखि चन्द्रमामा स्थायी बसोबासको योजना बनाउँदै आएको भए पनि पहिलोपटक स्पष्ट रोडम्याप र समय सीमा सार्वजनिक गरेको छ । यसैबिच,नयाँ योजनाअन्तर्गत नासाले आणविक ऊर्जामा आधारित मङ्गल यान विकास गर्ने घोषणा गरेको छ, जसलाई सन् २०२८ सम्म प्रक्षेपण गर्ने लक्ष्य राखिएको छ । अन्तरिक्ष अनुसन्धानको क्षेत्रमा यस्तो समय सीमा निकै तीव्र मानिन्छ ।

आइज्याकम्यानले नासाको वैज्ञानिक तथा मानव अन्तरिक्ष उडान कार्यक्रमलाई थप तीव्रता दिने उद्देश्यसहित यी योजनाहरु अघि सारेका हुन् । तर यी परियोजनाका लागि आवश्यक बजेट कहाँबाट आउने भन्ने विषय अझै स्पष्ट छैन । २० अर्ब डलरमध्ये कति रकम अन्य परियोजनाबाट सारिने र कति नयाँ स्रोतबाट जुटाइने भन्नेबारे पनि ठोस जानकारी सार्वजनिक गरिएको छैन । विश्लेषकहरूका अनुसार यी योजनाले नासाको दीर्घकालीन अन्तरिक्ष रणनीतिमा ठुलो परिवर्तन ल्याउने संकेत दिएको छ, तर कार्यान्वयनमा चुनौतीहरु पनि उत्तिकै रहनेछन् ।

# धनकुटामा बढ्दै लागुऔषधको कारोबार

धनकुटा/ पछिल्ला केही वर्षयता धनकुटा जिल्लामा लागूऔषध सेवन र कारोबार उल्लेखनीय रूपमा वृद्धि भएको तथ्यांकले देखाएको छ। जिल्ला प्रहरी कार्यालय धनकुटाका अनुसार आर्थिक वर्ष २०७७/७८ देखि चालु आर्थिक वर्ष २०८२/८३ सम्म मुद्दा दर्ता संख्या, पक्राउ पर्ने व्यक्तिहरु र बरामद हुने लागुऔषधको परिमाण निरन्तर बढ्दै गएको छ ।

जिल्ला प्रहरी कार्यालय धनकुटाका प्रमुख शरत कुमार थापा क्षेत्रीका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा हालसम्म १५ मुद्दा दर्ता भइसकेका छन् । यस अवधिमा ३० पुरूष र १ महिला गरी जम्मा ३१ जना पक्राउ परेका छन्। बरामद भएको लागूऔषधमा १५ ग्राम २ सय ६५ मिलिग्राम खैरो हिरोइन, ७ किलोग्राम गाँजा र २ हजार ८० ट्याब्लेट क्याप्सुल समावेश छन् । सबैभन्दा बढी मुद्दा आर्थिक वर्ष २०८१/८२ मा दर्ता भएका थिए- ५७ मुद्दामा ५८ जना पक्राउ परेका थिए । सो वर्ष २० ग्राम २ सय २४ मिलिग्राम खैरो हिरोइन, ४ सय १४ किलो २ सय १० ग्राम गाँजा र ४ हजार ८५ ट्याब्लेट क्याप्सुल बरामद भएको थियो । आर्थिक वर्ष २०८०/८१ मा २० मुद्दा दर्ता भए र ३० जना पक्राउ परेका थिए। बरामद लागुऔषधमा ३ ग्राम ५५० मिलिग्राम खैरो हिरोइन, २५ किलो ६५ ग्राम गाँजा र ४ हजार २८७ ट्याब्लेट क्याप्सुल समावेश थियो ।

आ.व. २०७९/८० मा स्थिति झन् गम्भीर हुँदै २१ मुद्दा दर्ता भए, ३६ जना पक्राउ परे। सो वर्ष ४५० मिलिग्राम खैरो हिरोइन, ४ किलो २९ ग्राम गाँजा, १ हजार ७२० ट्याब्लेट क्याप्सुल, ३ एम्पुल र ३ बोतल कोरेक्स बरामद गरिएको थियो । आ.व.२०७८/७९ मा १० मुद्दा दर्ता भई २० जना पक्राउ परेका थिए। बरामद गरिएको लागुऔषधमा २ ग्राम ५० मिलिग्राम खैरो हिरोइन, २९ किलो ५ सय ग्राम गाँजा, ३० ट्याब्लेट, ५ एम्पुल, २०२ वटा गाँजाको बोट, ५२ सिरिन्ज र १६ लिगोकेन समावेश थियो । आ.व. २०७७/७८ मा ५ मुद्दा दर्ता भए र ७ जना पक्राउ परेका थिए ।

सो वर्ष ६ सय ६० मिलिग्राम खैरो हिरोइन र १४५ एम्पुल डाइजेल्याब बरामद गरिएको थियो । प्रहरीका अनुसार लागुऔषध नियन्त्रणका लागि कडाइ बढाएपछि कारोबारमा संलग्न व्यक्तिहरु पक्राउ परिरहेका छन् र बरामद हुने लागुऔषधको परिमाण बढेको छ ।


मनकामना डेन्टल केयर
विशेष अफरका साथ

यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।



Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332

दमक–६, थानारोड (झापा)
Call : 9819041615/9810315415


## दैनिक राशिफल

आज मिति २०८२ साल चैत्र १९ गते बिहीबार
02 Apr. 2026
तिथि: पञ्चमी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | च चे लो ला लि लँ ले लो अ | आत्मविश्वास बढ्ने । कार्यमा सफलता । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मनमा अशान्ति । सोचे जस्तो आम्दानी कम हुने । |
| मिथुन | का कि कु घ ङ छ के को हा | मित्रबाट सुख । शत्रु परास्त । |
| कर्कट | च चे लो ला लि लँ ले लो अ | हिम्मत बढ्ने । व्यवसायबाट लाभ । |
| सिंह | | पढाईमा बाधा । कारोबारमा सामान्य लाभ । |
| कन्या | | आफन्तबाट अपजस । सोचे जस्तो आयमा कमी । |
| | हि हु हे हो डा डि डु डे डो | कारोबारमा लाभ । पराक्रम बढ्ने । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | शत्रु बढ्ने । बन्न लागेको काम बिग्रने । |
| धनु | य यो भा भी भ धा फा ढ भे | उत्तम भोजन । धन, वस्त्र लाभ । |
| | भो जा जी खि खु खे खो गा गी | कसैसित विवाद । लगानी उठ्ने । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | घरायसी माल सामान जोड्ने । धर्ममा रुचि । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | रोजगारीको अवसर । आफन्तबाट सहयोग । |

# दुग्ध उत्पादक सहकारीको सदस्य शिक्षा



दमक/ झापाको कमल-४ स्थित नेपाल दुग्ध उत्पादक सहकारी संस्थाले शेयर सदस्यहरूका लागि एकदिने सदस्य शिक्षा तालिम दिएको छ । तालिम कार्यक्रममा सहभागी शेयर सदस्यहरूलाई बिउविजनको प्याक समेत वितरण गरिएको छ । स्थानीय जलकन्या मन्दिरको सभाहलमा भएको तालिम कार्यक्रममा २ सय भन्दा बढी शेयर सदस्यहरूको उत्साहजनक सहभागिता रहेको पाइएको छ ।

कार्यक्रममा सहभागीहरूलाई सहकारी संस्था के हो, यसको शुरूवात र विकासक्रम, संचालन प्रकृया र फाइदा, ऋण परिचालन र असुली तथा वचत, लगानी र खर्च साथै सो सहकारी संस्थाको हालको अवस्था र गतिविधिबारे जानकारी गराइएको थियो । सहकारी संस्थाका अध्यक्ष रूपनारायण दाहालको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा स्वागत मन्तव्य व्यवस्थापक घनश्याम गौतम, कार्यक्रमको औचित्यका बारेमा शिक्षा उपसमिति संयोजक सरिता सुवेदी गौतम र कार्यक्रम संचालन शिक्षा उपसमिति सदस्य दुर्गाप्रसाद चम्लागाईले गरेका थिए ।

संस्थाको शिक्षा उपसमिति संयोजक सरिता सुवेदी गौतमको अध्यक्षतामा भएको कार्यक्रममा विशेष अतिथिका रूपमा सहकारीका संचालक समिति सचिव चन्द्रप्रसाद आचार्य, लेखा समिति संयोजक खगेन्द्र भट्टराई, पत्रकार पंकज दाहाल र ज्येष्ठ शेयर सदस्य भक्तिप्रसाद गौतम रहेका थिए । कार्यक्रममा बोल्दै सहकारी संस्थाका अध्यक्ष दाहालले हाल भाडाको कोठामा कार्य संचालन भइरहेको तर अबसंस्थाको नाममा ल्याइएको ३ कठ्ठा ७ धुर जग्गामा चाँडैनै भवन संरचना निर्माण गरी त्यहीँबाट कारोबार संचालन गर्ने तयारी रहेको जानकारी गराए । उनले पशुपालक दुग्ध किसानहरूका लागि दूध संकलन केन्द्र राम्ररी संचालन भइरहेको हुँदा सबै शेयर सदस्यहरूलाई घरमा उत्पादन हुने दूधको कारोबार सहकारी संस्थामा गर्न आग्रह गरे ।

कार्यक्रमको प्रमुख अतिथि रहेका अध्यक्ष दाहालले १ घर १ पशु बिमा कार्यक्रम संचालन गरिएको, मल, बिउबिजन, विषादी र पशु आहार विक्रीको कारोबार रहेको साथै वचत र ऋणको कारोबारमा पनि धेरै किसिमका सेवा सुविधाहरू सहकारी संस्थाले प्रदान गर्दै आएको हुँदा सकेको फाइदा लिन सहभागी शेयर सदस्यहरूलाई अनुरोध गरे । त्यस्तै बाली बिमाका लागि पनि आफूहरूले कमल गाउँपालिकासँग सहकार्य गरेर किसानहरूलाई सकेको सेवा प्रदान गर्न समन्वय गरिरहेको जानकारी गराए । तालिम कार्यक्रममा सहकारी संस्थाका सचिव चन्द्रप्रसाद आचार्य, लेखा संयोजक खगेन्द्र भट्टराई र शिक्षा उपसमिति सदस्य दुर्गाप्रसाद चम्लागाईले सहजीकरण गरेका थिए । कार्यक्रमको अन्त्यमा सहभागीका तर्फबाट पत्रकार पंकज दाहालले बोलेका थिए ।

अन्तर्राष्ट्रिय

## श्रीलंकामा १९ देशलाई नि:शुल्क पर्यटक भिसा

एजेन्सी । श्रीलंकाले ३९ वटा देशका पासपोर्ट प्राप्त व्यक्तिहरूलाई नि:शुल्क पर्यटक भिसा प्रदान गरी ६ महिनाको कार्यक्रम पेस गर्ने तयारी गरेको जनाइएको छ । यससँग सम्बन्धित नियमहरु मन्त्रिपरिषदको स्वीकृति पछि संसदमा पेस गरिने सरकारी अधिकारीले बताएका छन् ।

पर्यटन क्षेत्रको पुनरूत्थान र वृद्धिलाई समर्थन गर्ने उद्देश्यले यो प्रयास सन् २०२५ जुलाई २१ को मन्त्रिपरिषद् बैठकमा अनुमोदन गरिएको थियो । यस कार्यक्रम अन्तर्गत योग्य पर्यटकहरूलाई नि:शुल्क पर्यटक भिसा जारी गरिने मन्त्रिपरिषद्का प्रवक्ता नलिन्दा जयतिसाले पत्रकारहरूसँगको साक्षात्कारमा बताएका छन् । अध्यागमन र आप्रवासन ऐनका प्रावधानहरु अनुरूप कानुन विभागले योजनाका लागि मस्यौदा नियमहरु तयार गरेको जनाइएको छ । जुन नियमहरू अनुमोदनका लागि संसदमा पेस गरिने कार्यक्रम रहेको जनाइएको छ ।

## विमानस्थलमा ड्रोन आक्रमण

एजेन्सी/ कुवेत अन्तर्राष्ट्रिय विमानस्थललाई लक्षित गरी इरानले ड्रोन आक्रमण गरेको छ । बुधबार गरिएको ड्रोन आक्रमणबाट इन्धन भण्डारण ट्यांकीमा ठूलो आगलागी भएको छ । कुवेतको नागरिक उययन महानिर्देशनालयका प्रवक्ता अब्दुल्लाह अल(राज्हीले विमानस्थलमा इरान र त्यसले समर्थन गरेका सशस्त्र समूहले ड्रोन आक्रमण गरेको बताएका छन् । उनका अनुसार आक्रमणमा इन्धन ट्यांकीमा आगलागी भए पनि मानवीय क्षति भने भएको छैन ।

कुवेतको सरकारी समाचार संस्था कुवेत न्यूज एजेन्सी (कुना)ले पनि घटनामा मानवीय क्षति नभएको जनाएको छ । यो आक्रमण फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेपछि सुरू भएको क्षेत्रीय तनावकै निरन्तरता हो । त्यसपछि इरानले इजरायल र खाडी क्षेत्रका अमेरिकी सहयोगी देशहरूलाई लक्षित गर्दै मिसाइल र ड्रोन आक्रमण बढाउँदै आएको छ । खाडी क्षेत्रमा बढ्दो सैन्य गतिविधिका कारण सुरक्षा अवस्था थप संवेदनशील बन्दै गएको छ ।

घटनापछि विमानस्थल क्षेत्रको सुरक्षा कडा पारिएको छ । हालैका दिनमा कुवेत विमानस्थल र त्यहाँ रहेका इन्धन भण्डारण केन्द्रहरूमा पटक(पटक आक्रमण भइरहेका छन् । अमेरिका(इजरायल र इरानबीचको द्वन्द्व चर्किँदै जाँदा इरानले इजरायलसहित खाडीका ती देशहरूलाई पनि लक्षित गर्दै आक्रमण बढाएको छ, जहाँ अमेरिकी सैन्य अयाहरु रहेका छन् ।

# संसदीय दलमा नेतृत्व चयनको सकस

विराटनगर/ कोशी प्रदेश सभा चलिरहँदा मुख्य दलहरूनै पदाधिकारी बिहिन रहेका छन् । मुख्य दलहरू मध्ये हाल नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी प्रमुख सचेतक विहीन रहेका हुन् । प्रदेश सभा चलिरहँदा सचेतक र प्रमुख सचेतकको भूमिका महत्त्वपूर्ण रहने गरेको छ । प्रमुख सचेतकको भूमिका महत्त्वपूर्ण भए पनि ती दलहरूले प्रमुख सचेतक छान्न सकेका छैनन् ।

प्रदेश सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेले पछिल्लो पटक मन्त्रीहरूको हेरफेर गर्दा प्रमुख सचेतक विदुर लिङ्थेपलाई मन्त्री बनाएको थियो । प्रमुख सचेतक लिङ्थेप पुस २२ गते आर्थिक मामिला तथा योजना मन्त्री बनेपछि एमालेले प्रमुख सचेतक नियुक्त गर्न सकेको छैन ।

प्रमुख सचेतक नहुँदा सचेतक ललिता चौधरीले प्रमुख सचेतकको काम कारबाही गर्दै आएकी छन् । एमालेमा रिक्त रहेको प्रमुख सचेतक पद नियुक्त गर्न प्रदेश सभा सदस्यहरूले माग गर्दै आएका छन् । यसै गरी कोशी प्रदेश सभामा रहेको प्रमुख प्रतिपक्षी दल नेपाली कम्युनिस्ट पार्टीले पनि प्रमुख सचेतक र सचेतक तोक्न सकेको छैन । दलको नेताको रूपमा भने तत्कालीन नेकपा माओवादी केन्द्र संसदीय दलका नेता इन्द्र आङ्वोले जिम्मेवारी पाएका छन् । आङ्वोलाई दलको नेताको रूपमा सिफारिस गर्दै प्रदेश सभामा पत्र आएको प्रदेश सभा सचिवालयले जनाएको छ ।

प्रदेश सभामा प्रतिनिधित्व गर्दै आएका तत्कालीन नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादी सहितका दलहरु मिलेर नेपाली कम्युनिस्ट पार्टी बनेको हो । पार्टी एकीकरण पछि प्रमुख सचेतक र सचेतकको जिम्मेवारी तोकी नसकिएको संसदीय दलका नेता आङ्वोले बताए ।

जेन्जी आन्दोलनका क्रममा प्रदेश सभा सचिवालय र प्रदेश सभामा तोडफोड र आगजनी भएपछि लामो समय प्रदेश सभाको बैठक बस्न सकेको थिएन । कटहरी स्थित कृषि थोक बजारमा प्रदेश सभा सचिवालय सारिए पनि प्रदेश सभा भवन नबन्दा विराटनगर महानगरको स्वामित्वमा रहेको विराटनगर सभा गृहमा प्रदेश सभाको बैठक बस्दै आएको छ ।

# माङसेबुङका तीन स्वास्थ्य संस्थाको भवन उद्घाटन

इलाम । इलामको माङसेबुङ गाउँपालिकामा एकैदिन तीन वटा स्वास्थ्य संस्थाको नवनिर्मित भवन उद्घाटन गरिएको छ ।

मङ्गलबार आयोजित छुट्टाछुट्टै कार्यक्रममा माङसेबुङ गाउँपालिका- ३ स्थित चतुरेमा नवनिर्मित चतुरे आधारभूत स्वास्थ्य केन्द्र, सोही वडाको मनिपुरमा निर्मित आत्मानन्द आधारभूत स्वास्थ्य केन्द्र र माङसेबुङ-५ मा निर्मित लारूम्बा सामुदायिक स्वास्थ्य इकाईको भवन उद्घाटन भएको हो ।

गाउँपालिका अध्यक्ष हेमन्त राईले तीनवटै स्वास्थ्य संस्थाको भवन उद्घाटन गरेका हुन् । कार्यक्रममा अध्यक्ष राईसहित उपाध्यक्ष विनोदकुमार नेम्बाङ, प्रमुख प्रशासकीय अधिकृत दिलसेर राई, ३ नं. वडा अध्यक्ष लक्ष्मुन राई जनम, स्वास्थ्य शाखा प्रमुख प्रदिपकुमार राई, इन्जिनियर युवराज दाहाललगायत वडाबासी सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

चतुरेमा कोशी प्रदेश सरकारको आर्थिक वर्ष २०८१/०८२ को ३० लाख र उपभोक्ताको तीन लाख ३३ हजार ३०२ रूपैयाँको लागत साझेदारी गरी ३३ लाख ३३ हजार ३०२ रूपैयाँको लागतमा चतुरे आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण भएको हो । नवनिर्मित भवन एकतले पक्की संरचनाको रहेको छ, जसमा ४ वटा कोठा रहेका छन् ।

त्यस्तै सोही वडाको मनिपुरमा कोशी प्रदेश सरकारको आर्थिक वर्ष २०८१/०८२ को ४८ लाख ९४ हजार २६७ को लागतमा आत्मानन्द आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण भएको हो ।

एक तले पक्की संरचनाको भवनमा पाँच वटा कोठा रहेका छन् । ४९ लाख ९२ लाख ५७७ को लागत स्टिमेट तयार सो भवन ठेक्का मार्फत ४८ लाख ९४ हजार २६७ मा निर्माण सम्पन्न भएको प्रमुख प्रशासकीय अधिकृत दिलसेर राईले जानकारी दिए । सो भवन निर्माणका लागि प्रदेश सरकारबाट ५० लाख अनुदान प्राप्त भएको थियो ।

त्यसैगरी माङसेबुङ-५ मा नेपाल सरकारको आर्थिक वर्ष २०८१/०८२ को ३१ लाख १४ हजार ५७१ रूपैयाँको लागतमा लारूम्बा सामुदायिक स्वास्थ्य इकाईको भवन निर्माण भएको हो । एक तले चार कोठे पक्की भवन निर्माण भएको प्रमुख प्रशासकीय अधिकृत दिलसेर राईले जानकारी दिए । सो भवन निर्माणका लागि नेपाल सरकारबाट ३९ लाख प्राप्त भएको थियो । गाउँपालिकाले ३७ लाख ८७ हजार २४८ लागत अनुमान गरेको थियो । ठेक्कामा ३१ लाख १४ हजार ५७१ को लागतमा निर्माण भएको प्रप्रअ राईले बताए ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

**आज**....७ जना अन्य छन् । जापानको एभरेस्ट स्कुलसहित एक हजार ९६६ परीक्षा केन्द्रमा एसईई हुनेछ ।

**रास्वपा**...थिए । त्यसपछि अर्याललाई सभामुख बनाउने विकल्पमा पार्टी अघि बढेको हो ।

पार्टी सहमहामन्त्री विपिन कुमार आचार्यले दुई-तीन दिनभित्र सभामुख छनोट प्रक्रिया सुरू हुने बताए। उनले सभामुख र उपसभामुखबारे अन्तिम निर्णय नभए पनि सचिवालय बैठकले टुङ्गो लगाउने जानकारी दिए ।

संविधान अनुसार संसद् बैठक सुरू भएको १५ दिनभित्र सभामुख र उपसभामुख चयन गर्नुपर्ने व्यवस्था छ। यी दुई पद फरक लिङ्ग र दलबाट हुनुपर्ने प्रावधान छ। साथै, यी पद संवैधानिक परिषद्का सदस्य हुने भएकाले राजनीतिक वृत्तमा यसको चासो बढेको छ ।

**कांग्रेस**...विकास र समृद्धिलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिइएको छ ।

पत्रमा लोकतान्त्रिक मूल्य, विधि र प्रक्रियालाई सम्मान गर्दै सहकार्य र समन्वयमार्फत् नगरको दीर्घकालीन हितमा काम गर्न सबै जनप्रतिनिधिहरूलाई आग्रह गरिएको छ । कांग्रेसले बुझाएको ध्यानाकर्षण पत्र बुझ्दै प्रमुख प्रशासकीय अधिकृत निरौलाले आफुले आवश्यक समन्वय गरिरहेको भन्दै आगामी दिनमा आपसी द्वन्द्व नआउने किसिमले काम गर्ने प्रतिवद्धता जनाए । उनले कांग्रेसले बुझाएको ध्यानाकर्षण पत्र नगर प्रमुख समक्ष पुर्‍याउने पनि बताएका छन् ।

**सर्वोच्च**....कुमार रेग्मी, हरि फुयाल, डा.

मनोजकुमार शर्मा, डा. नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको नाम सूचीमा समावेश छ । संसदीय सुनुवाइ विशेष समितिमा संसदीय सुनुवाइबाट अनुमोदन भएपछि मात्रै प्रस्तावित प्रधानन्यायाधीशले राष्ट्रपतिबाट नियुक्ति पाउँछन् । तर प्रतिनिधिसभा विघटन भएसँगै संवैधानिक परिषद् निष्कृय छ ।

अब प्रतिनिधिसभाले सभामुख, उपसभामुख चयन गरेर प्रमुख विपक्षी दलको नेता टुंगो लागेपछि मात्रै संवैधानिक परिषद्ले पूर्णता पाउँछ ।

**डिजिटल**...चालक अनुमतिपत्रका लागि आवेदन ४५ दिनभित्र डिजिटल माध्यमबाटै दिन सकिने व्यवस्था मिलाइने कार्यसूचीमा उल्लेख छ ।

साथै, सेवा लिन भौतिक उपस्थित हुनुपर्ने अवस्थामा अनलाइन 'अपोइन्टमेन्ट' प्रणालीमार्फत् समय छनोट गर्न सकिने व्यवस्था तीन महिनाभित्र लागू गरिनेछ । सरकारले डिजिटल हस्ताक्षर प्रणालीलाई समेत विस्तार गर्ने योजना अघि सारेको छ । 'एनआइडी कार्ड', 'बायोमेट्रिक' वा 'ओटिपी'मार्फत 'इसिग्नेचर' प्रयोग गरी सेवा लिन सकिने व्यवस्था गर्न अध्ययन प्रक्रिया अघि बढाइएको छ । प्रमाणपत्रहरु 'अनलाइन डाउनलोड' गर्न मिल्ने व्यवस्था १५ दिनभित्र लागू गरिनेछ भने कर्मचारीको डिजिटल प्रोफाइल र हेलो सरकार प्रणाली सुधार गर्नेलगायतका योजना पनि कार्यसूचीमा समावेश छन् ।

**प्रि-मनसुन**.....बिहीबारसम्म मौसम सामान्यतया सफा रहनेछ भने शुक्रबारदेखि फेरि वर्षा हुने सम्भावना छ । यसैबीच, विभागले मौसम परिवर्तनशील रहेकाले आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ ।

**बर्डफ्लु**...डा. महतोले बताए । जिल्लाका विभिन्न ठाउँमा कुखुरा फार्म परीक्षण गरी केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालाबाट रोग पुष्टि गरेसँगै नियन्त्रणका उपाय तीव्र पारिएको उनले जनाएका छन् । सङ्क्रमण फैलिन नदिन फार्म वरपरको क्षेत्रमा उच्च सतर्कता अपनाइएको छ भने अन्य कुखुरा फार्ममा पनि निगरानी कडा पारिएको छ । कुखुरामा असामान्य लक्षण देखिएमा तुरून्त सम्बन्धित निकायलाई जानकारी गराउन तथा बाह्य सम्पर्कबाट कुखुरालाई जोगाउन किसानलाई आग्रह गरिएको छ । उनका अनुसार जिल्लामा हालसम्म संकास्पद लागेका १४ वटा फार्मबाट १९ हजार ३६५ कुखुरा नष्ट गरिएको छ ।

# कुवेतबाट एकैपटक ३ सयबढी नेपाली डिपोर्ट

झापा । कुवेतबाट एकैपटक ३ सयभन्दा बढी नेपालीलाई देश निकाला (डिपोर्ट) गरिएको छ । कुवेतको आन्तरिक मामिला मन्त्रालय र नेपाली दूतावासको समन्वयमा नियम उल्लंघन गरेका नेपालीलाई बुधबार स्वदेश फर्काइएको हो ।

प्राप्त जानकारीअनुसार, कुवेतमा विभिन्न प्रकारका कानुनी तथा प्रशासनिक नियम उल्लंघन गरेका नेपाली नागरिकलाई कुवेत सरकारले एकै पटक डिपोर्ट गरेको हो ।

ती सबैलाई कुवेत एयरवेजमार्फत कुवेत अन्तर्राष्ट्रिय विमानस्थलबाट भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलतर्फ पठाइएको हो ।

गैरआवासीय नेपाली संघ (एनआरएन) कुवेतका अनुसार सोही विमानमार्फत विभिन्न कारणले कुवेतमा निधन भएका ९ जना नेपाली नागरिकको शवसमेत नेपाल पठाइएको छ । यस घटनाले विदेशमा रहेका नेपालीहरूको अवस्था र सुरक्षाको विषयमा पुनः गम्भीर प्रश्न उठाएको छ ।

सो विशेष उडान बुधबार साँझ करिब ६ बजे भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्ने जनाइएको छ । कुवेतको आन्तरिक मामिला मन्त्रालयको निर्देशनमा डिपोर्ट गरिएका नेपालीहरूलाई स्वदेश फर्काउनका लागि विशेष व्यवस्था गरिएको थियो ।

त्यसैगरी, सो दिन कुवेत अन्तर्राष्ट्रिय विमानस्थल अन्य यात्रुहरूको लागि पूर्ण रूपमा बन्द गरिएको बताइएको छ । केवल डिपोर्टीहरूलाई फर्काउनकै लागि सो उडान सञ्चालन गरिएको थियो ।

# दुई साता देखि उडान ठप्प

ताप्लेजुङ/ ताप्लेजुङको सुकेटार विमानस्थलमा दुई सातायता उडान अवरूद्ध बनेको छ। प्रतिकूल मौसमका कारण सुकेटारमा एकमात्र नेपाल वायु सेवा निगमले गर्दै आएको उडान अवरूद्ध बनेको हो ।

ताप्लेजुङस्थित नेपाल वायु सेवा निगमका स्टेसन ईन्चार्ज नारायणकुमार कार्कीका अनुसार यही चैत ४ गतेदेखि सुकेटार विमानस्थलमा उडान अवरूद्ध भएको छ । निरन्तरको वर्षा तथा बाक्लो हुस्सु र कुहिरोसहित मौसम प्रतिकूल भएपछि उडान हुन नसकेको स्टेसन इन्चार्ज कार्कीले जानकारी दिए । उनका अनुसार प्रतिकूल मौसमकै कारण सोमबार, बुधाबार र शुक्रबार गरी प्रत्येक सातामा तीन दिन हुने निगमको उडान अवरूद्ध बनेको हो । नेपाल वायु सेवा निगमको ट्विनअटर जहाजले काठमाडौं(ताप्लेजुङ( काठमाडौं उडान भर्ने गरेको छ । चैत महिनायता अघिल्लो साताको शुक्रबारदेखि मौसम बदली भई वर्षा तथा पानी पर्न थालेको थियो । करिव एक सातासम्म नै निरन्तर वर्षा भएको र पछिल्लो तीन दिनयता वर्षाको क्रम रोकिए पनि हुस्सु तथा कुहिरोसहित दिन धुम्मिने क्रम जारी रहेको छ । निगमले गएको शुक्रबार ताप्लेजुङका लागि उडान गरेको भए पनि मौसमकै कारण सुकेटारमा अवतरण हुन नसकेर जहाज काठमाडौं नै फर्किएको थियो । अब मौसम खुल्ने अपेक्षासहित आउँदो शुक्रबारका लागि पुनः उडान तालिका तय भएको निगमको स्टेसन कार्यालयले जनाएको छ । नियमित उडान नहुँदा काठमाडौंदेखि ताप्लेजुङ आउने र ताप्लेजुङदेखि काठमाडौं जाने यात्रुले सेवा लिनबाट बञ्चित हुनुपरेको छ । यता पर्यटकीय मौसम सुरू भइसकेको समयमा नियमित उडान नहुँदा पर्यटन क्षेत्रमा असर पुग्ने पर्यटन व्यवसायी बताउँछन् । ताप्लेजुङका लागि उड्ने उडान अवरूद्ध हुँदा अधिकांस मौसम नै काराण बन्ने गरेको छ ।


## बिमालेख हराएको सूचना

**यस कम्पनीको दमकबाट जारी भएको तपसिल बमोजिमको बीमालेख हराएकोले सोको प्रतिलिपि बीमालेख जारी गरी पाउँ भन्ने ब्यहोरा सहितको निवेदन सम्बन्धित बीमितहरुबाट यस कम्पनीमा प्राप्त भएको छ । सो बीमालेख उपर कोही कसैको हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र यस कम्पनीको प्रधान कार्यालयमा प्रमाण सहित निवेदन दर्ता गराउनु हुन यो सुचना प्रकाशित गरिएको छ । अन्यथा निवेदकको माग बमोजिम सम्बन्धित बीमितको नाममा प्रतिलिपि बीमालेख जारी गरिने ब्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराइन्छ ।**

**तपशिल**

| क्र.सं. | बिमालेख नं. | नाम | ठेगाना |
|---|---|---|---|
| १ | ५८२०००१३७८४ | जगतबहादुर अधिकारी | गौरादह |

**एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
प्रधान कार्यालय, एशियन लाइफ भवन, मैतीदेवी काठमाडौं






**ॐ शान्ति डेन्टल हस्पिटलका सेवाहरू**

१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने
३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने ।
५) कृतिम दाँत राख्ने ।
६) दाँतको खोल राख्ने ।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने ।
८) नमिलेको ठाउँमा टिङ्गा दाँतमा तार बान्ने ।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने ।
१०) गिजा सुनिन्ने, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने ।
११) Oral-Ulcer तथा Oral-Cancer को परामर्श ।
१२) मुखको साधारण सल्यक्रिया सेवा । Minor Sugery
१३) मुखको जटिल सलयक्रिया सेवा । Major Sugery
१४) दाँतको Implant गर्ने ।
१५ ) दाँतको OPD सेवा ।

**आवद्ध डाक्टरहरू**

☞डा. हेम राज गैरे
☞डा. सि.पि. गैरे
☞डा. राहुल गुप्ता
☞डा. विवेक शिंह
☞डा. टंक न्यौपाने
☞डा. स्मारक दाहाल
☞डा. मोलिका श्रेष्ठ
☞डा. काश्मी श्रेष्ठ
☞डा. सायारा ढकाल
☞डा. अन्जली ठाकुर

**ॐ शान्ति डेन्टल हस्पिटल**
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)


प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२.
प्रबन्धक: सुवासचन्द्र भट्टराई, मुद्रण: ज्योति अफसेट प्रेस,
कार्यकारी सम्पादक: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com
ले-आउट: सुरेन बस्नेत
सल्लाहकार : पंकज दाहाल